"सहभागिता, पारदर्शिता,जवाफदेहीता र उत्तरदायित्वका लागि"

त्रियुगा नगरपालिका कार्यालय गाईघाट, उदयपुरको आयोजनामा रौतामाई नेटवर्क प्राली उदयपुरको सहजिकरणमा संचालन भएको **आ.ब.०८२/०८३ को तेस्रो चौमासिक अवधिको**

# सार्वजनिक सुनुवाई कार्यक्रमको

# कार्य सम्पन्न प्रतिवेदन




मिति २०८३/०३/२९

सहजिकरणः
रौतामाई नेटवर्क प्राली
गाईघाट उदयपुर

आयोजकः
त्रियुगा नगरपालिका कार्यालय
गाईघाट उदयपुर

**त्रियुगा नगरपालिका कार्यालय गाईघाट उदयपुरको आयोजनामा रौतामाई नेटवर्क प्राली उदयपुरको सहजिकरणमा नगरपालिका कार्यालयको सभाहलमा संचालन भएको आ.ब.०८२/०८३ को तेस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यकमको प्रगति प्रतिवेदन**

पृष्ठभूमि :

सहभागिता,पारदर्शिता,जवाफदेहिता र उत्तरदायित्वको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्नु गराउनु सबै सार्वजनिक निकायको अनिवार्य सर्त,न्यूनतम कार्य वा सामाजिक दायित्व हो । सुशासन नेपाल सरकारका सबै संरचना र संयन्त्रहरुको प्रतिबद्धता हो । यसका लागि सार्वजनिक सुनुवाई एउटा राम्रो संयन्त्र हो । यस सन्दर्भमा सार्वजनिक सुनुवाई कार्यक्रमलाई नागरिकको सर्बोच्च चासोको रुपमा वा नागरिक आवजको रुपमा बुझ्न सकिन्छ भने अर्को तिर कानुनी दायित्व पनि हो । यस कारण सार्वजनिक सुनुवाई सबै सार्वजनिक निकायले गर्ने गराउने चलन बढ्दै गएको छ । त्रियुगा नगरपालिकाको कार्यालय गाईघाटको आयोजनामा आ.ब.०८२/०८३ को तेस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम तेस्रो पक्ष रौतामाई नेटवर्कको सहजिकरणमा पालिकाको सभाहलमा मिति २०८३/३/२९ गते संचालन भई सम्पन्न भएको छ। सम्पन्न उक्त कार्यक्रमको जानकारी, उद्देश्य, विधि र प्रकृया यसै गरी सुनुवाई संचालनको क्रममा भए गरेका सम्पुर्ण गतिविधिहरु समेटि संक्षिप्त रुपमा यस प्रतिवेदनमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

**सार्वजनिक सुनुवाई नागरिक आवाज नागरिक मैत्रि कार्यक्रम हो ।**

नागरिकहरु भन्ने गर्छन सुनुवाई स्थानीय सरकारको सामाजिक जिम्मेवारी,दायित्व,र जवाफदेहीता हो । यो नागरिक सर्बोच्चता तथा सुचनाको हकको व्यवहारिक प्रयोग गर्ने थलो हो ।सार्वजनिक सुनुवाई अवसर हो, बिषयले औपचारिक्ता पाउँछ र आगामी दिनका लागि मार्ग निर्देश गर्छ।यसले पुर्ण बिश्वास,नियम पुर्बक र नियमित अभ्यास गर्ने बाँनिको विकास गर्दछ । सार्वजनिक सुनुवाईका कारण सुशासन संस्कारको विकास र दण्डहिनतामा कमी आउँछ ।कार्य सम्पादनमा बढोत्तरी र अनुदानमा बृद्धि गर्न टेवा पुऱ्याउँछ ।सुशासनको आधार, औजार, जग, पिल्लर र खम्बा हो वा सुशासनका लागि एउटा राम्रो संयन्त्र हो ।सर्बोच्च चासोको बिषय हो । नया नेपालको आवश्यक्ता हो ।

- **सार्वजनिक सुनुवाईको कार्यक्रमको विषय सुची**
- **उद्घाटन समारोह कार्यक्रम संचालन :**
- सार्वजनिक सुनुवाईको महत्व र आवश्यकता र आचार संहिताको बारेमा प्रस्तुती :
- भिडियो प्रस्तुती :
- नागरिक प्रतिवेदनका लागि सन्तुष्टि वा असन्तुष्टि जनाउनेहरुको विवरण प्रस्तुती :
- सहभागीहरुको प्रश्नोत्तर

- नगरप्रमुखबाट प्रश्नको उत्तर
- समापन

**सार्वजनिक सुनुवाई कायक्रमको संक्षिप्त जानकारी :**

**कार्यक्रमः** त्रियुगा नगरपालिकाको आ.ब.०८२/०८३ को तेस्रो  चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम

**कार्यक्रम स्थल :–** नगरपालिका कार्यालयको सभाहल

**कार्यक्रम मिति र समय :** २०८३ असार २९ गते

**कार्यक्रम संचालनः**  राजकुमार खड्का त्रियुगा नगरपालिकाको कार्यालय

**सहजिकरणः** खेमराज दाहाल रौतामाई नेटवर्क

**कार्यक्रमको अध्यक्षताः** नगर प्रमुख बसन्त कुमार बस्नेत

**विषय बस्तुमाथी प्रकास र स्वागत :** उपप्रमुख महेश्वरी राई

**कार्यक्रमको उद्देश्य र आचारसंहिता :** तुलसी प्रसाद कोईराला सचिव पत्रकार महासंघ उदयपुर

**बिषय बस्तुको प्रस्तुतिः** १) वर्हिगमन अभिमतः इश्वर कुमार तामाङ्ग पूर्व अध्यक्ष पत्रकार महासंघ उदयपुर

२) सार्वजनीक सुनुवाई उद्देश्य, विधि र प्रकृयाः खेमराज दाहाल

३) प्रश्नको उत्तर : नगरप्रमुख बसन्त कुमार बस्नेत

**प्रश्न उत्तर कार्य संचालनः** खेमराज दाहाल

**कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा)** ३.००- तिन घण्टा मिनेट

**सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरुः**

नगरपालिका बाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि असन्तुष्टि जे छ खुल्ला राख्ने र प्रश्न उत्तर गर्ने साथै प्रतिबद्धता ब्यक्त गर्ने ।

सेवाको नियमितता र सेवाको गुणस्तर कस्तो छ ।

सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था कस्तो छ ।

नगरिक बडापत्र,उजुरी पेटिका,गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था कस्तो छ ।

सिफारिस,पूर्वाधार तथा सरसफाई,आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी अवस्था कस्तो छ ।

हाका-हाकी प्रश्न उत्तर तथा छलफल भएको थियो ।

**कार्यविधि र प्रकृया :**

१. सार्वजनिक सुनुवाईको पुर्व तयारी (अधिकारीहरुसंग सम्पर्क,सहभागिहरुको चयन,मिति समय र स्थान को छनौट तथा सन्दर्भ सामग्री अध्ययन र समिक्षा) गरेको,

२ सार्वजनिक सेवा प्रवाह,नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्वन्धी प्रतिवेदन तयार गरेको,

३ सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरेको,

४ नगरपालिकालाई प्रतिवेदन बुझाईएको,

**सहभागिहरु :**

तपसिल अनुसारको क्षेत्रवाट प्रतिनिधित्व भएको यस सार्वजनिक सुनुवाईमा ७९ जनाको सहभागिता रहेको थियो ।

जन प्रतिनिधि,राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु,नगरपालिका पदाधिकारी,नगरपालिका स्थित बिषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु । संचार कर्मी,स्थानिय सेवा प्रदायक संस्थाहरु,उपभोक्ता समितिका प्रमुख तथा प्रतिनिधिहरु र आम उपभोक्ताहरु, नागरिक समाजका प्रतिनिधिहरु,सरोकार राख्ने नागरिकहरु,पेशा तथा व्यवसायिहरु,एकिकृत योजनातर्जुमा समितिका सदस्यहरु,लक्षित बर्ग समुदायका प्रतिनिधिहरु ।

त्रियुगा नगरपालिकाले सार्वजनिक सुनवाइ कार्यक्रम सम्पन्न गरेको छ । नगरपालिका र नगरअन्तर्गत रहेका शाखाहरुले आर्थिक वर्ष २०८२/८३ को तेस्रो चौमासिकमा प्रवाह गरेका सार्वजनिक सेवा र प्रभावकारिता विषयमा सार्वजनिक सुनवाइ गरिएको हो ।

त्रियुगा नगरपालिकाको आयोजना तथा रौतामाई नेटवर्क प्रा.लीको सहजिकरणमा नगरपालिकाको सभाहलमा सम्पन्न भएको सार्वजनिक सुनवाइ कार्यक्रममा सेवाग्राही, नागरिक, राजनीतिक दल, विषयगत शाखाहरुका प्रमुख एवम प्रतिनिधिहरुले गुनासा तथा टिप्पणी र सुझावहरु राखेका थिए ।

नागरिकहरुबाट प्राप्त भएका गुनासाहरुको सम्बोधन गर्दै नगरप्रमुख वसन्त बस्नेतले राज्यको नीति र पद्धती नै व्यवहारिक नहुँदा कतिपय काममा कठिनाइ भएको भएपनि नगरपालिका समृद्धिको बाटोतर्फ उन्मुख हुँदै गएको दाबी गर्नु भयो ।

जीत बहादुर भट्टराई : पूर्व प्रहरी तथा रास्वपा नेता

कालोपत्रे सडक कहिले पुरा हुन्छ ? वर्ड वैंकको सहयोगमा संचालित सडकको अनुगमन कसरी गरिरहनु भएको छ ? कृषकले कहिले मल बिउ पाउछन ?

गोविन्द राउत : स्थानीय त्रिनपा ६

गाईघाट कदमाहा सडक सडकमा खाल्टा खुल्टी परेर यातयात असहज भएको छ । सडक विभागलाई भनेर बनाउनु पर्यो । विद्युत कटौतीको समस्या धेरै बढेको छ । आकाशमा बादल आयो की विद्युत जान्छ । काठेपोल

अहिले सम्म हटेको छैन । कसरी हटाउने हो छिटो गर्नु पर्यो । मोहनपुर क्षेत्रमा ५० केभिएको ट्रान्सफरमर छ । त्यसलाई क्षमता बढाएर १०० केभिएको बनाउनु पर्यो ।

शत्रुधन साह : त्रिनपा ६ जलजले

जलजले बजारमा नालीको समस्या छ । नाली जाम भएर दुगन्ध फैलिएको छ । शिक्षा सम्बन्धि समस्या धेरै छ । बोडिङ अनियमित शुल्क असुली गरिरहेको छ । नगरपालिकाले अनुगमन गर्नु पर्यो । देउरी माविको जग्गा विवाद मिलाउनु पर्यो । हामीले नगरपालिकामा दिएको निवेदन कहाँ पुग्यो ?

हरी बहादुर बुढाथोकी : त्रिनपा ११ उदयपुर

वर्ड बैकबाट बनेको सडकको गुणस्तर कमजोर छ । अनुगमन गर्नु पर्यो । पीच समेत अग्लो होचो छ । धुलोमा अलकत्र हालेको छ । खेतमा बालेको बत्तिको पनि शुल्क तिर्नु पर्छ । सडक बाहेकको जग्गाको विजुलीको पैसा नतिर्ने व्यवस्था गर्नु पर्यो । शान्तिधाम नजिक आर्यघाटमा त्रियुगा नदीले कटान गरिरहेको छ । त्यसलाई मर्मत गर्नु पर्यो ।

अम्बिका कुमारी खड्का त्रिनपा ११ मित्र टोल विकास संस्था

आफ्नो गाउँजाने बाटोमा हिलो छ बच्चाहरु पढ्न जान समस्या हुन्छ । बाटो बन्नु पर्यो । बोडिङले नगरपालिकाले तोकेको भन्दा धेरै शुल्क लिने गरेको छन । नगरपालिकाले अनुगमन गरेर कार्वाही गर्नु पर्यो ।

एकीकृत सेवा केन्द्र सञ्चालनमा ल्याउने

त्रियुगा नगरपालिकाले आगामी साउन १ गतेदेखि एकीकृत सेवा केन्द्र सञ्चालनमा ल्याउने भएको छ । सोमबार बसेको त्रियुगा नगर कार्यपालिकाको बैठकले एकीकृत सेवा केन्द्र सञ्चालन कार्यविधि स्वीकृत गरेसँगै सेवा केन्द्र सञ्चालनको बाटो खुलेको हो ।

सेवा केन्द्र सञ्चालनमा आएपछि नगरपालिकाबाट सेवा लिन आउने सेवाग्राहीले एउटा स्थानमा फाइल दर्ता गरेपछि विभिन्न शाखा तथा फाँटमा आफैं फाइल बोकेर धाउनुपर्ने बाध्यताको अन्त्य हुने नगरपालिकाले जनाएको छ । नयाँ व्यवस्थाअनुसार सेवा केन्द्रका कर्मचारीले सम्बन्धित शाखा तथा फाँटमा फाइल पुर्‍याउने, आवश्यक प्रक्रिया पूरा गर्ने तथा अन्तिममा सेवा सम्पन्न गरी सेवाग्राहीलाई उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

नगरप्रमुख बसन्तकुमार बस्नेतले बैशाख दोस्रो सातामा सम्पन्न अन्तरपालिका भ्रमणका क्रममा दैलेखको दुल्लु नगरपालिकामा अवलोकन गरिएको एकीकृत सेवा प्रणालीबाट प्रभावित भई त्रियुगा नगरपालिकाले पनि कानुनी

व्यवस्था तयार गरी लागू गर्न लागेको जानकारी दिनुभयो । उहाँले उक्त जानकारी आर्थिक वर्ष २०८२/८३ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रममा दिनुभएको हो ।

त्रियुगा नगरपालिकाको आयोजना तथा रौतामाई नेटवर्क प्रा.लि.को सहजीकरणमा सोमबार नगरपालिकाको सभाहलमा सम्पन्न सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को तेस्रो चौमासिकमा प्रवाह गरेका सार्वजनिक सेवा तथा प्रभावकारिताबारे जानकारी गराइएको थियो । कार्यक्रममा सहभागी सेवाग्राही, नागरिक, राजनीतिक दलका प्रतिनिधि तथा विषयगत शाखाका प्रमुखहरूले गुनासा, सुझाव र जिज्ञासा राखेका थिए ।

सहभागीहरूको प्रश्नको जवाफ दिँदै नगरप्रमुख बस्नेतले राज्यका केही नीति तथा कार्यप्रणाली व्यवहारिक नभएका कारण कतिपय क्षेत्रमा चुनौती रहे पनि नगरपालिका समृद्धिको दिशामा अघि बढिरहेको दाबी गर्नुभयो ।

उहाँले नगरपालिकाले प्रशासकीय भवन निर्माण, स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको दरबन्दी मिलानमार्फत शैक्षिक गुणस्तर सुधार, नगर अस्पताल स्थापना तथा अत्याधुनिक भवन निर्माण, जिल्ला अस्पतालमा डायलाइसिस सेवा सञ्चालन, करिब ४० किलोमिटर सडक कालोपत्रे, विश्व बैंकको लगानी पुनः भित्र्याउने प्रक्रिया तथा त्रियुगा रिङरोड निर्माणको सुरुआतलगायतका उल्लेखनीय उपलब्धि हासिल गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले युवालाई लक्षित गरी स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्न, कृषि क्षेत्रलाई व्यवसायीकरण गर्दै उत्पादनसँग जोड्ने नीति ल्याउन तथा आत्मनिर्भर कृषि प्रणाली विकास गर्न सुझाव दिएका थिए ।

यसको जवाफमा नगरप्रमुख बस्नेतले हालसम्म १,२०० भन्दा बढी महिला कृषकलाई आधारशिला तालिम प्रदान गरी समूहमा आबद्ध गरिएको तथा प्रत्येक वर्ष २०० भन्दा बढी युवालाई सीपमूलक तालिममार्फत स्वरोजगार बनाउन कार्यक्रम सञ्चालन भइरहेको बताउनुभयो ।

स्वास्थ्य क्षेत्रतर्फ जिल्ला अस्पतालमा डायलाइसिस सेवा सञ्चालनमा ल्याइएको, नगर अस्पतालबाट सेवा प्रवाह सुरु गरिएको तथा ‘मेयरसँग ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम’ मार्फत ज्येष्ठ नागरिकको घर-घरमा औषधि पुऱ्याउने व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उपप्रमुख महेश्वरी राईले नगरपालिकाले सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहितालाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो । उहाँले सार्वजनिक सुनुवाइको आवश्यकता र यसको महत्वबारे पनि प्रकाश पार्नुभयो ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा वडा नं. १ का अध्यक्ष मनोजकुमार चौधरी, वडा नं. ३ का अध्यक्ष तिलक कटुवाल, वडा नं. ४ का अध्यक्ष बन्द्री बस्नेत, वडा नं. ६ का अध्यक्ष योगेन्द्र दाहाललगायत जनप्रतिनिधि, कर्मचारी, सेवाग्राही तथा सरोकारवालाको सहभागिता रहेको थियो ।

संलग्न कागजातहरु :

नागरिक अभिमत प्रतिवेदन

बहिरगमन अभिमत प्रतिवेदन

- तस्वीरहरु
- भिडियो युएबी (पेनड्राइभ)

प्रतिवेदक

रौतमाई नेटवर्क प्राली